श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४४ सालको ऐन नं. १६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### टेलिकम्यूनिकेशन ऐन, १०१९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः टेलिकम्यूनिकेशन ऐन, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "टेलिकम्यूनिकेशन (दोस्रो संशोधन) ऐन, २०४४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. टेलिकम्यूनिकेशन ऐन, २०१९ को दफा २ मा संशोधनः टेलिकम्यूनिकेशन ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) "टेलिग्राफ अधिकृत" भन्नाले श्री ५ को सरकारले वा यस ऐन अन्तर्गत स्वीकृति वा लाइसेन्स प्राप्त गरेको व्यक्ति वा संस्थाले टेलिग्राफको संरक्षण वा रेखदेख वा संचालनको लागि काममा लगाएको व्यक्ति सम्झनुपर्छ ।"

३. मूल ऐनको दफा ३ मा संशोधनः मूल ऐनको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ :–

"३. टेलिग्राफसम्बन्धी श्री ५ को सरकारको विशेषाधिकारः (१) नेपाल अधिराज्यभित्र टेलिग्राफ जडान गर्ने, रेखदेख गर्ने र संचालन गर्ने सम्पूर्ण अधिकार श्री ५ को सरकारमा रहनेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी श्री ५ को सरकारले आवश्यक शर्त र बन्देज तोकी नेपाल अधिराज्यमा टेलिग्राफ जडान, रेखदेख र संचालन गर्न श्री ५ को सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संगठित संस्थालाई स्वीकृति दिन वा नेपाल अधिराज्यको कुनै भागमा टेलिग्राफ जडान, रेखदेख र संचालन गर्न कुनै व्यक्ति वा संस्थालाई लाइसेन्स दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम श्री ५ को सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संगठित संस्था बाहेक कुनै व्यक्ति वा संस्थालाई टेलिग्राफ जडान, रेखदेख र संचालन गर्न लाइसेन्स दिंदा लाइसेन्स प्राप्त गर्ने व्यक्ति वा संस्थाले श्री ५ को सरकारलाई बुझाउनु पर्ने रकम र त्यसको भुक्तानी प्रणाली समेत निर्धारण गरी लाइसेन्स दिइनेछ ।"

४. मूल ऐनमा दफा ३३क. थपः मूल ऐनको दफा ३३ पछि देहायको दफा ३३क. थपिएको छः–

"३३क. स्वीकृति वा लाइसेन्स प्राप्त व्यक्ति वा संस्थाले चीफ इन्जिनीयरको अधिकार प्रयोग गर्न सक्नेः दफा ३ को उपदफा (२) बमोजिम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

टेलिग्राफ जडान, रेखदेख र संचालन गर्ने स्वीकृति वा लाइसेन्स प्राप्त व्यक्ति वा संस्थाका कार्यकारी प्रमुखले यस ऐन बमोजिम चीफ इन्जिनीयरलाई प्राप्त भएको अधिकार त्यस्तो स्वीकृति वा लाइसेन्स बमोजिम टेलिग्राफ जडान गर्ने, रेखदेख गर्ने र संचालन गर्ने सम्बन्धमा प्रयोग गर्न सक्नेछ र त्यस्तो कामको सम्बन्धमा यस ऐन बमोजिम चीफ इन्जिनीयरले पालन गर्नु पर्ने काम, कर्तव्य पनि त्यस्तो व्यक्ति वा संस्थाका कार्यकारी प्रमुखले पालन गर्नु पर्नेछ ।"

लालमोहर सदर मितिः– २०४४।६।६

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।